# गाउँसभा मा गाउँपालिका उपाध्यक्ष
# श्री लक्ष्मी कुमारी चौधरी ज्यूले प्रस्तुत गर्नु भएको
# आर्थिक वर्ष २०८०/०८१ को
# बजेट वक्तव्य

## गेरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पशुपतिनगर, बर्दिया
## २०८० असार १८ गते

**सभाध्यक्ष महोदय,**

१) नेपालको संविधान अनुसार गठन भएको यस गेरुवा गाउँपालिकाको चौधौ बार्षिक बजेट पेश गर्ने अवसर पाएकोमा खुसी लागेको छ । यस अवसरमा जनआन्दोलन जनयुद्ध लगायत संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । र मुलुकको राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने आदरणीय महानुभावहरु प्रति आभार पनि व्यक्त गर्दछु ।

२) संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, लुम्बिनी प्रदेश, गेरुवा गाउँपालिका बर्दियाको उपाध्यक्षको हैसियतले नेपालको संविधान धारा २३० बमोजिम यस गरिमामय सभामा गेरुवा गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३) सर्वप्रथम यस गेरुवा गाउँपालिकाको १४ औं गाउँसभामा वार्षिक बजेट पेश गर्ने अवसर पाएकोमा खुसी लागेको छ । बजेट विनियोजनमा स्थानीय टोलबासीको माग, वडा समिति, विषयगत समिति, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति समेतको सिफारिसको आधारमा योजनाको प्राथमिकीकरण गरी बजेट विनियोजन गरेको छु । आन्तरिक श्रोत न्यून भएको गाउँपालिकाको बिनियोजित बजेटमा एकै पटक असीमित आवश्यकता पुरा गर्न अप्ठेरो भएतापनि सकेसम्म समेट्ने प्रयास गरेको छु ।

४) गेरुवा गाउँबासीको चाहना अनुरुप आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्न गाउँबासीको आवश्यकतालाई बजेटमा आत्मसात गर्ने क्रममा श्रोत साधनको सिमितता, ,न्यून आयश्रोत र गाउँबासीको उच्च आकाँक्षालाई मध्यनजर गरी क्षेत्रगत भुगोल, राजश्व असुली, र जनसंख्या लाई सन्तुलन कायम हुनेगरी दीर्घकालीन रुपमा प्रतिफल दिन सक्ने योजनाहरु कार्यान्वयन गर्न श्रोत साधन, प्रविधि र जनशक्ति आदिको प्रभावकारी र कुशल रुपमा बजेटको उपयोग गर्ने रणनीति अवलम्बन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

उपलब्ध श्रोत साधन र विभिन्न सम्भावनाको वावजुद यस गाउँपालिकामा देहायका चुनौतीहरु विद्यमान छन् ।

- ❖ गाउँपालिकाले आफ्नो आन्तरिक श्रोतको सम्भाव्यताका आधारमा राजश्व संकलन गर्नु
- ❖ गाउँपालिका क्षेत्रभित्रको अव्यवस्थित जग्गालाई व्यवस्थापन गर्नु
- ❖ भवन सहिताको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित घर निर्माण गर्नु
- ❖ अव्यवस्थित प्लटिङ्ग रोक्का गरी भू-उपयोग नीति र योजनाका आधारमा जमीनको उपयोग गर्नु
- ❖ समाजमा बढ्दो रुपमा रहेको लागु औधष दुर्व्यसनीलाई नियन्त्रण गर्नु
- ❖ गाउँ भित्रका सम्पूर्ण सडकलाई तोकिएको मापदण्ड बमोजिम फराकिलो र व्यवस्थित गरी हरित सडकको रुपमा विकास गर्नु ।

❖ कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गरी गरिबी तथा बेरोजगारी समस्यालाई न्यूनिकरण गरी आत्मनिर्भर गाउँको निर्माण गर्नु र सरकारी सार्वजनिक जग्गाहरुको संरक्षण गर्नु ।

**सभाध्यक्ष महोदय,**

उपरोक्त चुनौतीहरुको वावजुद गाउँबासीको समृद्धीको सपना साकार पार्नु हाम्रो दायित्व हो । उक्त दायित्व पुरा गर्न आ.ब.०८०/०८१ को बजेटका देहायका उदेश्यहरु रहेका छन् ।

- बेरोजगार युवा-युवतिहरुलाई रोजगारीका अवसर श्रृजना गर्ने
- नेपालको संविधाले निर्दिष्ट गरेका प्रावधानहरुलाई कार्यान्वयन गरी जनतालाई संघीयताको अनुभूति दिलाउने
- गाउँको विकासमा जनतालाई सहभागिता र अपनत्वको महसुस गराउने
- जनताको माग र गाउँको प्राथमिकता बमोजिम विकास व्यवस्थापन गर्ने,
- सुशासन र सुरक्षाको प्रत्याभूति दिलाउने
- सूचना प्रविधिका विकास संगै शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तर सुधार गर्ने,
- सेवा प्रवाहलाई सरलिकृत र चुस्त बनाउने
- निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गरी एकीकृत कृषि प्रणालीलाई अवलम्बन गर्न कृषकलाई प्रोत्साहन गर्ने,
- उद्यमशील कृषि र पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सहयोग गर्ने
- प्राविधिक शिक्षा र सिपमूलक तालिमको माध्यमबाट स्वरोजगार बनाई जनताको जिवनस्तर सुधार गर्ने ।
- जनतालाई आधारभूत तथा गुण्स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने

योजना र कार्यक्रमहरुलाई नागरिकको आवश्यकता र समयानुकुल बनाउन तथा बजेट कार्यान्वयनमा प्रभावकारीता ल्याउन बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रमहरुलाई निम्न आधारमा प्राथमिकिकरण गरी प्रस्तत गरेको छु ।

➢ बेरोजगार युवा तथा महिलालाई कृषि, पशुपंक्षी व्यवसायमा आवद्ध गरि आत्मनिर्भर गराउने,
➢ स्वास्थ्य क्षेत्रको सवलिकरण गर्न स्वास्थ्य क्षेत्रको पुनसंरचना गर्ने,
➢ प्रविधिमैत्री अपनत्व सहितको गुणस्तरीय शिक्षाका लागि शिक्षक, विद्यार्थीको क्षमता विकास गरी विद्यालयलाई प्रविधि मैत्री बनाउने
➢ स्वरोजगारको माध्यबाट गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउने ।
➢ उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने खालका कृषि, पशु विकासका कार्यक्रम सन्चालन गर्ने,
➢ राजश्व परिचालनमा योगदान पुर्‍याउने कार्यक्रमहरु
➢ सेवा प्रवाह, संस्थागत विकास र सुशासन प्रवर्धनमा सहयोग पुर्‍याउने ।

- स्थानीय श्रोत साधन र सीपबाट सन्चालन हुने तथा लागत सहभागितामा अभिवृद्धि गर्ने,
- महिला, अपाङ्ग, बालबालिका, जेष्ठ नागरिक, दलित र युवा लक्षित कार्यक्रम गर्ने ।
- लैगिक समानता, सामाजिक समावेशीकरणको माध्यमबाट लैङ्गिक विभेद न्यूनिकरण सम्बन्धि प्रशिक्षण तय गर्ने,
- दिगो विकास र वातावरण संरक्षणमा योगदान पुऱ्याउने
- स्वस्थ, शिक्षित र अनुशासित समाजको विकामा जोड दिने,
- विशेष संस्कृति र जातीय पहिचान संरक्षण र प्रवर्धन गर्ने
- नागरिक स्तरबाट उठान भएको आवश्यकता एवं अपेक्षाहरुको संबोधन गर्ने,
- गाउँपालिकाका गौरवका आयोजनाहरु र १० शैया अस्पताल निर्माण लगायत स्वास्थ्य चौकीमा पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता
- गाउँपालिकाको आन्तरिक श्रोत बृद्धिको लागि ढुंगा गिट्टी उत्खनन् सम्बन्धी वातावरणीय प्रभाव मूल्याँकन परामर्श कार्यको प्रकृया अघि बढाउने ।
- पदाधिकारी र कर्मचारीको क्षमता विकास कार्यक्रम तय गर्ने
- गैरसरकारी संघ संस्थासंग साझेदारी कार्यक्रम गर्दा स्थानीय स.सं.ऐन को दफा २५ बमोजिम लागतमा कार्यक्रम गराउने

**सभाध्यक्ष महोदय,**

सम्बत २०८० साल आधाढ १० गतेका दिन गाउँसभाले स्वीकृत गरेको आर्थिक वर्ष २०८०/०८१को नीति तथा कार्यक्रम, नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, मौलिक हकहरु, संघीय सरकार, प्रदेश र गेरुवा गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना समेतले लिएका नीति तथा प्राथमिकताहरु जस्ता विषयलाई आधार लिई आ.ब.२०८०/०८१ को वजेट तथा कार्यक्रम तर्जुमा मा कुल आय रु.५६ करोड ७ लाख ३१ हजार १ सय ८० रुपैया अनुमान गरी विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकामा भएका विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु । आर्थिक वर्ष २०८०/०८१ को कुल व्यय ५६ करोड ७ लाख ३१ हजार १ सय ८० रुपैया बिनियोजन गरिएको छ । कुल बजेको चालु तफ ३६ करोड ९४ लाख २ हजार १ सय ८० रुपैयाँ अर्थात ६४ प्रतिशत अंश रहेको छ भने पूँजीगत तर्फ १९ करोड १३ लाख २९ हजार रुपैया अर्थात ३६ प्रतिशत अंश रहेको छ ।

अनुसूचीहरु

**अनुसूची-१ : आर्थिक वर्ष २०८०/८१ को कुल आयको अनुमान**

| क.सं | शिर्षक | प्रस्तावीत आय रु. |
|---|---|---|
| **१** | **संघीय सरकार** | **३५,२७,००,०००/-** |
| क. | समानिकरण अनुदान | ११,५२,००,०००/- |
| ख. | शसर्त अनुदान -चालु | १९,३६,००,०००/- |
| ग. | शसर्त अनुदान -पुजिगत | १,७४,००,०००/- |
| घ | बिशेष अनुदान | १,१५,००,०००/- |
| ङ | समपुरक अनुदान | १,५०,००,०००/- |
| **२.** | **प्रदेश सरकार** | **२,४९,८९,०००/-** |
| क | समानिकरण अनुदान | ८४,३९,०००/- |
| ख. | शसर्त अनुदान -चालु | ५,५०,०००/- |
| ग. | शसर्त अनुदान पुजिगत | ६०,००,००० |
| घ | विशेष अनुदान | ० |
| ङ | समपुरक अनुदान | १,००,००,०००/- |
| **३** | **राजश्व बाँडफाँड** | **९,९८,४२,१८०/-** |
| क | संघ | ९,३०,६७,७००/- |
| ख | प्रदेश | ४७,७४,४८०/- |
| ग | स्थानीय | २०,००,०००/- |
| **४** | **आन्तरिक श्रोत** | **८,३२,००,०००/-** |
| क | आन्तरिक आय | १,१०,००,०००/- |
| ख | अघिल्लो आर्थिक बर्षबाट ल्याएको(अल्या) | ७,२२,००,०००/- |
| **जम्मा आय** | | **५६,०७,३१,१८०/-** |
| ६ | **गैह सरकारी संघ संस्थाहरुको लगानी** | **५,६०,८५,६८९ /-** |
| क. | भेरी वातावरणीय बिशिष्टता समूह (बि ग्रुप) बाँके | ६८,७०,२९७/- |
| ख. | बेस संस्था (ब्याकवार्ड सोसाइटी एजुकेशन) | ६०,९२,४१९.४४/- |
| ग. | वातावरण तथा ग्रामीण बिकास केन्द्र | १८,३५,९७१ .२५/- |
| घ. | कमैया महिला जागरण समाज, नेपाल | २,६५,४४,५४६/- |
| ङ | सोनाहा बिकास समाज बर्दिया | ४४,१०,५३६/- |
| च. | युएसएआइडी कर्णाली जल परियोजना | २,५९,०६,५००/- |
| छ | Banke UNESCO Club | १,०९,६९,९६६.०० |

अनुसूची-२ :

**आर्थिक वर्ष २०८०/८१ को कुल व्ययको अनुमान**

| क.सं | शिर्षक | बजेट सीमा |
|---|---|---|
| १ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ११,३०,१०,१८०/- |
| २ | विषयगत समितिहरु | २०,४९,५०,०००/- |
| क. | आर्थिक विकास समिति | १,००,००,०००/- |
| ख. | सामाजिक विकास समिति | ४,२०,००,०००/- |
| ग. | सुशासन तथा संस्थागत विकास समिति | ४०,००,०००/- |
| घ. | पुर्वाधार विकास समिति | १४,३९,५०,०००/- |
| ङ | वातावरण तथा विपद ब्यवस्थापन समिति | ५०,००,०००/- |
| ३ | वडाहरु | १,३७,२१,०००/- |
| क. | वडा नं १ | २६,००,०००/- |
| ख. | वडा नं २ | १६,४९,०००/- |
| ग. | वडा नं ३ | २१,५०,०००/- |
| घ. | वडा नं ४ | २४,४०,०००/- |
| ङ | वडा नं ५ | २३,१०,०००/- |
| च. | वडा नं ६ | २५,७२,०००/- |
| ४ | संघिय सरकारको सर्शत तथा बिशेष अनुदान | २२,२५,००,०००/- |
| ५ | प्रदेश सरकारको सर्शत तथा बिशेष अनुदान | ६५,५०,०००/- |
| **जम्मा व्यया** | | **५६,०७,३१,१८०/** |
| ६ | **गैह सरकारी संघ संस्थाहरुको लगानी** | **५,६०,८५,६८९ /-** |
| क. | भेरी वातावरणीय बिशिष्टता समूह (बि ग्रुप) बाँके | ६८,७०,२९७/- |
| ख. | बेस संस्था (ब्याकवार्ड सोसाइटी एजुकेशन) | ६०,९२,४१९.४४/- |
| ग. | वातावरण तथा ग्रामीण बिकास केन्द्र | १८,३५,९७१ .२५/- |
| घ. | कमैया महिला जागरण समाज, नेपाल | २,६५,४४,५४६/- |
| ङ | सोनाहा बिकास समाज बर्दिया | ४४,१०,५३६/- |
| च. | युएसएआइडी कर्णाली जल परियोजना | २,५९,०६,५००/- |
| छ | Banke UNESCO Club | १,०९,६९,९६६.०० |

**अन्त्यमा,**

प्रस्तुत आर्थिक वर्ष २०८०/०८१को बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष ज्यू, सबै वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, विज्ञ एवं सल्लाहकार ज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संघसंस्था लगायत गाउँबासी दाजुभाई तथा दिदी बहिनीहरु साथै बजेट तर्जुमा गर्ने क्रममा खटिने राष्ट्रसेवक कर्मचारीहरु लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।